# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.सं०७८/०७९
च.नं. :-सुचना नं:-४

मिति -२०७८/०६/८

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वान सम्वन्धि सूचना**

किस्पाङ गाउँपालिका नुवाकोटको आ.व. २०७८/७९ का लागि प्राप्त संघीय शसर्त अनुदान कार्यक्रम अन्तर्गत तपसिलका क्षेत्रहरुमा निम्नानुसारका बाख्राको पुराना साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालनको लागि सम्बन्धीत पुराना पकेट, पकेट संचालन समन्वय समितिहरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसार यस कार्यालयमा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

आ.व. २०७८/०७९मा निरन्तरता दिइने पुरानो पकेट विवरण

| क्र.स | क्षेत्र | विवरण | बाख्रा संख्या | वजेट |
|---|---|---|---|---|
| १ | काहुले बाख्रा पकेट किस्पाङ ३ | बाख्रा | १००० | ३ लाख ५० हजार |
| २ | फिकुरी बाख्रा पकेट किस्पाङ २ | बाख्रा | १००० | ३ लाख ५० हजार |

यस कार्यक्रम अन्तर्गत संचालन हुने प्रति पकेट बढीमा कुल लगानीको ५०% रकम अनुदान स्वरुप उपलब्ध गराइनेछ।

आवश्यक कागजातहरु -:

१. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को अनुसुची-१० अनुसारको आवेदन फारम

२.कार्यसमितिको निर्णयको प्रतिलिपि

३.पकेट विकास कार्यक्रमको लागि संचालन गरिने क्रियाकलापहरुको अनुमानित लागत खर्च विवरण

४.सम्बन्धित वडा कार्यालयको सिफारिस

पुनश्च- थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नुहुन वा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, खुमलटार, ललितपुरको वेवसाइट www.pmamp.gov.np बाट सम्बन्धित कार्यक्रम संचालनको लागि तोकिएको कार्यविधि "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुवल २०७७" बाट विस्तृत जानकारी लिनुहुन अनुरोध छ।

.........................
खुम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत